प्रदेश सरकार
लुम्बिनी प्रदेश
# आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकाम: बुटवल, नेपाल

☏: ०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : सहकारी/०७८।७९
चलानी नं. :

## सहकारीमा आधारित नमूना गाउँ स्थापना र सञ्चालन गर्न चाहाने सहकारी संस्थाहरुबाट प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/११/२४

यस मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चालु आ.व. मा थप एक वटा नयाँ सहकारीमा आधारित नमूना गाउँको स्थापना र सञ्चालन गर्न चाहने गत आ.व.मा सहकारी नमूना गाउँ स्थापना भएका बाँके, रोल्पा र रुपन्देही जिल्ला बाहेकका लुम्बिनी प्रदेश स्तरको कार्यक्षेत्र भएका ईच्छुक सहकारी संस्थामध्य सहकारीमा आधारित नमूना गाउँको (स्थापना तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा ४ बमोजिमको मापदण्ड पुगेका सहकारी संस्थाले कार्यविधिको अनुसूची-१ मा तोकिएबमोजिमका कागजात संलग्न राखी सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र यस मन्त्रालय वा सहकारी प्रशिक्षालय नेपालगञ्ज, बाँके वा घरेलु तथा साना उद्योग कार्यालय दाङमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै विगत वर्षहरुमा स्थापना भएका सहकारी नमूना गाउँहरुले सहकारीमा आधारित नमूना गाउँको (स्थापना तथा व्यवस्थापन) कार्यविधि, २०७८ अनुसार व्यवसाय विस्तार योजना सहितको प्रस्ताव समेत उल्लेखित मितिभित्रै पेश गर्नुहुन समेत यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण "**सहकारीमा आधारित नमूना गाउँको (स्थापना तथा व्यवस्थापन) कार्यविधि,२०७८**" बमोजिम हुने र सो को विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

**प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत मितिः-२०७८/११/१५**

# सहकारीमा आधारित नमूना गाउँको (स्थापना तथा व्यवस्थापन) कार्यविधि, २०७८

**प्रस्तावना**ः प्रदेशभित्र सहकारीमा आधारित नमूना गाउँहरुको छनौंट गरी त्यस्ता गाउँहरुमा सहकारी संस्था मार्फत उद्यम तथा व्यवसायिक क्रियाकलाप एवम् कार्यक्रम कार्यान्वयन गरी संस्थाका सदस्य तथा अन्य व्यक्तिहरुमा रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने, उत्पादित वस्तुको प्रशोधन, बजारीकरण, पर्यटन विकास लगायतका क्षेत्रमा उद्यमशीलता प्रवर्द्धन गर्दै मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सहकारी मार्फत एकीकृत सहकारी नमूना गाउँ स्थापना तथा सञ्चालन सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “सहकारीमा आधारित नमूना गाउँको (स्थापना तथा व्यवस्थापन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले कार्यविधि बमोजिम मन्त्रालयले सहकारीमा आधारित नमूना गाउँ स्थापना तथा सञ्चालन गर्न छनौंट भएका सहकारी संस्थालाई प्रदान गरिने अनुदान सम्झनु पर्छ।

(ख) “कार्यक्रम” भन्नाले नमूना गाउँ भनी तोकिएको क्षेत्रमा सञ्चालन हुने होमस्टे, चमेना गृह, कोसेली गृह, सहकारी खेती, नगदेबाली, कृषिजन्य तथा पशुपन्छीजन्य वस्तुहरुको उत्पादन, प्रशोधन तथा बजारीकरण, सहकारी उपभोक्ता पसल, सहकारी साझा स्वास्थ्य क्लिनिक, नवप्रवर्द्धनातत्मक क्रियाकलाप तथा सांस्कृतिक एवम् सामाजिक सदभाव विकासका लागि सञ्चालन गरिने क्रियाकलाप सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले सहकारीमा आधारित नमूना गाउँको (स्थापना तथा व्यवस्थापन) कार्यविधि, २०७८ सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालयले तोकेका प्रदेश सरकार अन्तर्गतका जिल्लास्थित विषयगत कार्यालयलाई सम्झनु पर्छ।

(ङ) “नमूना गाउँ” भन्नाले दफा ४ मा उल्लिखित मापदण्ड पूरा गरेको गाउँ सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ज) "महाशाखा" भन्नाले मन्त्रालयको सहकारी विकास महाशाखालाई सम्झनु पर्छ।

(झ) “सहकारी खेती” भन्नाले संस्थाले बहुवर्षीय रुपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरुलाई प्रत्यक्ष संलग्न हुने गरी सामूहिक वा व्यक्तिगत जोखिममा सञ्चालन गर्ने खेतीपाती सम्झनु पर्छ र सो शव्दले सामूहिक जोखिममा गरिने पशुपालन, माछापालन, रेशमखेती, मौरीपालन, कुखुरापालन लागयतका व्यवसायलाई समेत जनाउँछ।

(ञ) “संस्था” भन्नाले कार्यविधि बमोजिम सहकारी नमूना गाउँ स्थापना र सञ्चालन भएका वा हुने क्षेत्रका सहकारी संस्था सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले प्रदेशका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

३. **<u>कार्यक्रमका उद्देश्यः</u>** यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) सहकारीमार्फत् नमूना गाउँको स्थापना र सञ्चालन गरी रोजगारी सिर्जना गर्दै गरीबी न्यूनीकरणमा टेवा पुऱ्याउने,

(ख) सहकारीमार्फत् कृषि तथा कृषिजन्य उपज र पशु तथा पशुजन्य वस्तुको उत्पादन, प्रशोधन र बजारीकरणमा टेवा पुऱ्याउने,

(ग) प्रतिस्पर्धात्मक क्षमताको बृद्धि गरी उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि उत्प्रेरित गर्ने,

(घ) स्थानीय स्रोत, श्रम तथा प्रविधिको प्रयोग गरी साना, घरेलु तथा लघु उद्यम व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने,

(ङ) आत्मनिर्भर स्वावलम्वन तथा समृद्धिको लागि नवप्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्नुको साथै सामूहिक चक्लावन्दीमा आधारित खेती प्रणाली र उत्पादन प्रणालीको विकास गर्ने,

(च) स्थानीय तथा स्वदेशी उत्पादित बस्तुको बजारीकरण गरी कृषिजन्य एवम् पशुजन्य वस्तुहरुको आयात प्रतिस्थापन गर्ने,

(छ) शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवाका क्षेत्र तथा होमस्टे, पर्या-पर्यटन क्षेत्रको विकासमा जोड दिने।

## परिच्छेद–२

## <u>मापदण्ड तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था</u>

४. **<u>नमूना गाउँ छनौटका आधार</u>**ः (१) निर्देशक समितिले प्रदेशका कुनै जिल्लाका गाउँहरुमध्ये उपर्युक्त गाउँको छनौट गरी सहकारीमा आधारित नमूना गाउँको घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिने सहकारीमा आधारित नमूना गाउँ छनौटका आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछन्ः-

(क) घना बस्ती भई भौगोलिक रुपमा उपयुक्त रहेको क्षेत्र,

(ख) आर्थिक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको क्षेत्र,

(ग) सामाजिक तथा सांस्कृतिक रुपमा एकै प्रकृतिको रहनसहन, चालचलन तथा सामूहिक भावना भएका परिवार वा समुदाय बसोबास भएको क्षेत्र,

(घ) कृषि तथा पशुजन्य उत्पादनको पर्याप्त सम्भावना भएका क्षेत्र,

(ङ) प्राकृतिक सम्पदा एवम् सुन्दरता भई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने क्षेत्र,

(च) स्वच्छ खानेपानी, विजुली, टेलीफोन, ईन्टरनेट, बाटो-घाटो जस्ता न्यूनतम भौतिक पूर्वाधार उपलब्ध भएको वा सम्भाव्यता हुने क्षेत्र,

(छ) दीर्घकालीन लाभ हासिल गर्ने सम्भावना बोकेको क्षेत्र,

(ज) सरसफाई एवम् वातावरणीय दृष्टिले प्रदुषण रहीत क्षेत्र,

(झ) प्रदेश सरकार वा मन्त्रालयले तोकेका अन्य क्षेत्रगत आधार तथा मापदण्डहरु।

(३) निर्देशक समितिले उपदफा (२) मा तोकिएका आधारहरुको अतिरिक्त भौतिक पूर्वधारको विकास, मानव विकास सूचकाङ्क र संस्थाका सदस्यहरुको आर्थिक समाजिक रुपान्तरणको अवस्थाको आधारमा सूचक सहितको मापदण्ड निर्धारण गरी सहकारीमा आधारित नमुना गाउँ छनौंट गर्नेछ।

५. **<u>सहकारीमा आधारित नमूना गाउँमा सञ्चालन गरिने क्रियाकलापः</u>** सहकारीमा आधारित नमूना गाउँ छनौंट भई घोषणा भएको क्षेत्रमा दफा १७ मा उल्लेख भए बमोजिमका क्रियाकलाप/कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

६. **<u>प्रस्ताव आव्हान गरिनेः</u>** (१) मन्त्रालयले सहकारीमा आधारित नमूना गाउँ स्थापना र सञ्चालन गर्न दफा ४ बमोजिमको मापदण्डको आधारमा सहकारी नमूना गाउँ छनौंट भएको क्षेत्रका इच्छुक संस्थाहरुको लागि दफा १७ बमोजिमका कार्यक्रम सञ्चालन गर्नको लागि अनुसूची-१ बमोजिमको ढाँचामा एक्काईस दिनको प्रस्ताव आव्हान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आव्हानको सूचनामा तोकिएका शर्त र समयावधिभित्र नमूना गाउँ सञ्चालन गर्न प्रारम्भिक रुपमा छनौंट भएका तोकिएका गाउँभित्र पर्ने संस्थाबाट दफा १७ बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न अनुसूची-२ बमोजिमको ढाँचामा संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्दा प्रदेश सरकारबाट विगत वर्षमा छनौंट भई कार्यान्वयनमा रहेका संस्थाले विगत आर्थिक वर्षहरुको वार्षीक प्रगति प्रतिवेदन तथा आगामी

दुई वर्षको कार्ययोजना र नयाँ प्रस्तावको हकमा आगामी तीन वर्षको कार्ययोजना पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्ने सहकारी संस्थाले प्रस्तावसाथ अनुसूची-३ बमोजिमको ढाँचामा व्यवसायिक कार्ययोजना तथा तोकिएका कागजात सहितको विवरण पेश गर्नु पर्नेछ।

७. **प्रस्तावको प्रारम्भिक जाँच गरिने:** (१) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरुको अनुसूची-४ मा उल्लिखित प्रारम्भिक जाँच सूची बमोजिम प्रारम्भिक जाँच गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक जाँच गर्दा स्थलगत निरीक्षण गर्नुपर्ने देखिएमा सो समेत गरी प्रारम्भिक रुपमा छनौंट भएका प्रस्तावलाई मूल्याङ्कन गरिनेछ।

८. **प्रस्तावको मुल्याङ्कन र स्वीकृति:** (१) प्रारम्भिक जाँचबाट सफल भएका प्रस्तावहरुको अनुसूची-५ मा तोकिएका सूचकका आधारमा मूल्याङ्कन समितिले मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कनमा सबैभन्दा अधिकतम अङ्क प्राप्त गर्ने प्रस्तावहरुलाई कार्यक्रम व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मूल्याङ्कन समितिले सिफारिस सहित पेश गरेका प्रस्तावहरुको पुनःअध्ययन गरी कार्यक्रम व्यवस्थापन समितिले स्वीकृतिको लागि निर्देशक समिति समक्ष पेश गर्नेछ।

९. **सम्झौता सम्बन्धी व्यवस्था:** (१) निर्देशक समितिबाट प्रस्ताव स्वीकृत भएका प्रस्तावदातालाई मन्त्रालयले सात दिनको समयावधि दिई सम्झौता गर्नका सूचना दिनेछ।

(२) उपदफा (१) बमोजिम समयाविधिभित्र प्रस्तावदातासँग मन्त्रालयले अनुसूची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ र सम्झौता गर्दा कार्यक्रमको प्रकृतिको आधारमा आवश्यक थप शर्तहरु तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समयावधिभित्र सम्झौता गर्न नआउने प्रस्तावदातासँग सम्झौता गरिने छैन र प्राथमिकताक्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम सम्झौता गरेका संस्थालाई मन्त्रालयले कार्य सञ्चालन गर्न कार्यदिश दिनेछ।

१०. **अनुदानको सीमा र कार्यक्रमको निरन्तरता:** (१) मन्त्रालयले सहकारीमा आधारित नमूना गाउँ क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको लागि संस्थाले पेश गरेको कुल कार्यक्रम लागतको बढीमा ५० प्रतिशतसम्म वा अधिकतम ३० लाखसम्म अनुदान प्रदान गर्न सक्नेछ र बाँकी ५० प्रतिशत रकम संस्था आफैले लगानी गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम एक आर्थिक वर्षमा स्थापना र सञ्चालन गरिएका सहकारीमा आधारित नमूना गाउँको आवश्यकता, औचित्यतता तथा कार्यक्रमको प्रगति समेतका सूचकका आधारमा कार्यक्रमलाई आगामी वर्षमा समेत निरन्तरता दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुने रकम संस्थाले यस कार्यविधि, सम्झौता पत्रमा उल्लिखित शर्त तथा अन्य प्रचलित कानूनको पालना गरी तोकिएका क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछ।

तर संस्थाले अनुदान रकम जग्गा खरिद, चालु तथा प्रशासनिक क्षेत्रमा खर्च गर्न पाइने छैन।

११.**<u>नमूना गाउँ सञ्चालक समिति गठन गर्नुपर्नेः</u>** (१) सहकारीमा आधारित नमूना गाउँ सञ्चालन हुने स्थानमा सहभागी हुने संस्थाहरुले कम्तीमा एघार सदस्यीय नमूना गाउँ सञ्चालक समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने सञ्चालक समितिमा रहने सदस्यहरु समावेशी प्रतिनिधित्व हुने गरी गठन गर्नु पर्नेछ र सञ्चालक समितिले कार्यक्रमका प्रकृति तथा विषयगत क्षेत्रका आधारमा आवश्यक उप-समिति गठन गर्न सक्नेछ।

१२.**<u>स्थानीय स्रोत साधन प्रयोग गर्नुपर्नेः</u>** (१) सहकारीमा आधारित नमूना गाउँभित्र सञ्चालन हुने कार्यक्रमको निर्माण, सञ्चालन, व्यवस्थापन, उत्पादन, बजारीकरण जस्ता विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, सीप, क्षमता, जनशक्तिको प्रयोग गर्नु पर्नेछ।

(२) सिंचाई, सडक तथा पूर्वाधार तथा अन्य निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयको पूर्व स्वीकृति बेगर डोजर, लोडर, स्काभेटर जस्ता भारी उपकरणहरु प्रयोग गर्न पाइने छैन।

१३.**<u>कार्यक्रमको प्राथमिकता निर्धारणः</u>** (१) सहकारीमा आधारित नमूना गाउँमा सञ्चालन गरिने क्रियाकलापहरु गर्दा नमूना गाउँ क्षेत्रभित्र रहेका आम सदस्यहरुको निर्णय बमोजिम सञ्चालन गरिने क्रियाकलाप तथा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने कार्यक्रममा नमूना गाउँभित्र स्थायी रुपमा बसोबास गर्ने महिला, दलित, उत्पीडित, द्वन्द्वपीडित, सीमान्तकृत समुदाय, भौगोलिक रुपले दुर्गम क्षेत्र, आर्थिक, सामाजिक, पूर्वाधार विकासका दृष्टिले पछाडी परेको समुदायलाई प्राथमिकता दिई रोजगार तथा स्वरोजगारका अवसर प्रदान गर्नु पर्नेछ।

१४.**<u>बजार व्यवस्थापक समिति गठन गर्न सक्नेः</u>** (१) सहकारीमा आधारित नमूना गाउँ क्षेत्रभित्र उत्पादन हुने वस्तुको बजारीकरणका लागि सञ्चालक समितिले बजार व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(२) सहकारीमा आधारित नमूना गाउँ क्षेत्रभित्र उत्पादन हुने वस्तुको सङ्कलन, प्रशोधन एवम् प्याकेजिङ गर्ने व्यवस्था मिलाई आवश्यकतानुसार स्थानीय ब्राण्डको विकास गर्न सकिनेछ।

तर यसरी स्थानीय ब्राण्डको नाम तथा संकेत राख्दा प्रचलित कानून बमोजिम कुनै निकायबाट पूर्व स्वीकृत लिनुपर्ने अवस्थामा त्यस्तो स्वीकृति संस्था आफैले लिनु पर्नेछ।

१५. **होमस्टे सञ्चालन गर्न सक्ने:** (१) सहकारीमा आधारित नमूना गाउँ क्षेत्रभित्र अलग-अलग स्वामित्व भएका कम्तीमा पाँच घरधनीले सामूहिक व्यवस्थापन गर्ने गरी सामुदायिक ग्रामीण होमस्टे सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम होमस्टे सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिमका मापदण्ड पूरा गरी सम्बन्धित निकायबाट दर्ता अनुमति लिनु पर्नेछ।

१६. **सामुहिक उद्यम सञ्चालन गर्न सक्ने:** (१) सहकारीमा आधारित नमूना गाउँ क्षेत्रभित्र संस्थाले स्थानीय कच्चा पदार्थमा आधारित कुनै सामुहिक उद्यम सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सामुहिक उद्यम सञ्चालन गर्दा नमूना गाउँ क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने कम्तीमा दश जना सम्मिलित हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको उद्यम सञ्चालन पूर्व प्रचलित कानून बमोजिम कुनै निकायबाट पूर्व स्वीकृत वा दर्ता आवश्यक भएमा संस्था आफैले प्रक्रिया पूरा गर्नु पर्नेछ।

१७. **सहकारीमा आधारित नमूना गाउँमा सञ्चालन गरिने कार्यक्रमहरु:** (१) संस्थाले सहकारीमा आधारित नमूना गाउँमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछः-

(क) स्थानीय श्रम, कच्चा पदार्थ र प्रविधिमा आधारित वस्तुहरुको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धी कार्यक्रम,

(ख) सहकारी खेती सम्बन्धी कार्यक्रम,

(ग) साना, घरेलु तथा लघु उद्योगहरु स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यक्रम,

(घ) बीउबिजन उत्पादन, बिक्री वितरण, प्रशोधिकरण तथा प्याकेजिङ्ग गर्ने सम्बन्धी कार्यक्रम,

(ङ) सहकारीमा आधारित सामुदायिक अस्पताल, चमेना गृह, पार्क, उद्यान, श्रोत केन्द्र, सामुदायिक जलविद्युत सम्बन्धित कार्यक्रम,

(च) होमस्टे स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम,

(छ) सुपथ मूल्य सहकारी पसल, सङ्कलन केन्द्र, हाटबजार तथा कृषि र पशुजन्य वस्तुहरुको खरिद बिक्री सम्बन्धी कार्यक्रम,

(ज) सदस्यको क्षमता विकाससँग सम्बन्धित तालिम, गोष्ठी, प्रशिक्षण एवम् जनचेतना मूलक सूचना प्रकाशन, प्रशारणसँग सम्बन्धित कार्यक्रमहरु,

(झ) आफ्नो क्षेत्रभित्र सिंचाई, सडक तथा अन्य पूर्वाधारहरुको निर्माण र सोको सञ्चालन तथा व्यस्थापन गर्ने सम्बन्धी कार्यक्रमहरु,

(ञ) पर्या पर्यटनसँग सम्बन्धित कार्यक्रमहरु।

(२) सहकारीमा आधारित नमूना गाउँ सञ्चालनको लागि संस्थाले आवश्यकतानुसार नमूना गाउँ सञ्चालन विधि बनाई लागू गर्न सक्नेछ।

## परिच्छेद–३

## समिति सम्बन्धी व्यवस्था

१८. **निर्देशक समितिः** (१) कार्यक्रम व्यवस्थापन समितिले सिफारिस गरेको नमूना सहकारी गाउँहरुको घोषणा, प्रस्तावहरुको स्वीकृति, आवश्यक नीतिगत निर्णय तथा निर्देशनका लागि मन्त्रालयमा देहाय बमोजिम निर्देशक समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | संयोजक |
| (ख) | राज्यमन्त्री, मन्त्रालय | सदस्य |
| (ग) | सचिव, मन्त्रालय | सदस्य |
| (घ) | कार्यकारी उपाध्यक्ष, प्रदेश सहकारी वोर्ड | सदस्य |
| (ङ) | प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकनुसार सहकारी क्षेत्रका विज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) यस कार्यविधिमा अन्यत्र निर्देशक समितिले गर्ने भनी तोकिएका काम, कर्तव्य तथा अधिकारका अतिरिक्त निर्देशक समितिका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) नमूना गाउँ सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीति तयार गर्ने,

(ख) कार्यक्रम सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ग) सहकारीमा आधारित नमूना गाउँको घोषणा गर्ने,

(घ) कार्यक्रम व्यवस्थापन समितिबाट सिफारिस भई आएका प्रस्तावहरुको स्वीकृत गर्ने,

(ङ) कार्यक्रम सञ्चालन सम्बन्धमा कार्यक्रम व्यवस्थापन समिति तथा संस्थालाई आवश्यक निर्देशन प्रदान गर्ने,

(च) कार्यक्रमको अनुगमन गर्ने गराउने,

(छ) कार्यक्रम सम्बन्धमा बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउनको लागि मन्त्रालयमा सिफारिस गर्ने।

१९. **कार्यक्रम व्यवस्थापन समितिः** (१) सहकारीमा आधारित नमूना गाउँ कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन समितिबाट पेश भएका प्रस्तावको पुनरावलोकन गरी स्वीकृतिको लागि निर्देशक समिति समक्ष पेश गर्न मन्त्रालय देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | संयोजक |
| (ख) | प्रमुख, प्रशासन महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, सहकारी दर्ता अधिकारी कार्यालय | सदस्य |
| (घ) | संयोजकले तोकेको सहकारी विज्ञ | सदस्य |
| (ङ) | प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले सहकारी सम्बन्धी विषयको विज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) यस कार्यविधिमा अन्यत्र कार्यक्रम व्यवस्थापन समितिले गर्ने भनी तोकिएका काम, कर्तव्य तथा अधिकारका अतिरिक्त कार्यक्रम व्यवस्थापन समितिका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारीमा आधारित नमूना गाउँ घोषणाका लागि निर्देशक समितिमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्य हेरी स्वीकृतिको लागि निर्देशक समितिमा पेश गर्ने,

(ग) अनुदानको अधिकतम सीमा निर्धारण गरी निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(घ) प्रस्तावको औचित्य हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई समेत कारण सहित अस्वीकृत गर्ने,

(ङ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउने र आवश्यकतानुसार स्थलगत निरीक्षणमा खटाउने,

(च) निर्देशक समितिले तोकेका कार्य गर्ने।

२०. **मुल्याङ्कन समितिः** (१) सहकारीमा आधारित नमूना गाउँ छनौंट तथा अनुसूची-५ बमोजिमका मापदण्डको आधारमा प्रस्ताव मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | संयोजक |
| (ख) | प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |

(ग) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय — सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय — सदस्य

(ङ) अधिकृत प्रतिनिधि, कृषि विषय हेर्ने मन्त्रालय — सदस्य

(च) अधिकृत प्रतिनिधि, उद्योग विषय हेर्ने मन्त्रालय — सदस्य

(छ) अधिकृत प्रतिनिधि, कानून विषय हेर्ने मन्त्रालय — सदस्य

(ज) संयोजकले तोकेको एक जना सहकारी क्षेत्रको विज्ञ — सदस्य

(झ) अधिकृत, सहकारी शाखा, मन्त्रालय — सदस्य सचिव

(२) मूल्याङ्कन समितिले आवश्यकतानुसार कुनै सहकारी क्षेत्रको विज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) यस कार्यविधिमा अन्यत्र मूल्याङ्कन समितिले गर्ने भनी तोकिएका काम, कर्तव्य तथा अधिकारका अतिरिक्त मूल्याङ्कन समितिका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारीमा आधारित नमूना गाउँ सूचकका आधारमा छनौंट गरी कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्ने,

(ख) नमूना गाउँ सञ्चालन गर्न योग्य स्थानहरुको स्थलगत अध्ययन, अवलोकन तथा पहिचान गर्ने र पहिचान गरिएका गाउँहरुको प्राथमिकीरण गर्ने,

(ग) नमूना गाउँ छनौंट गर्दा आवश्यकतानुसार विषयगत विशेषज्ञता लिने,

(घ) संस्थाले प्रस्ताव गरेका प्रस्तावहरुको मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने।

## परिच्छेद-४

## कार्यक्रम कार्यान्वयन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

२१. **विवरण सार्वजनिक गर्नुपर्नेः** (१) संस्थाले मन्त्रालयको अनुदानबाट सञ्चालित कार्यक्रम सम्बन्धी विवरण र आय-व्ययको विवरण कार्यक्रमस्थल एवम् संस्थाको कार्यालयको सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने विवरणमा कार्यक्रमको स्वीकृत प्रस्ताव वमोजिम मन्त्रालयका साथै अन्य निकाय एवम् संस्थाको योगदान लगायतका अद्यावधिक विवरण समेत समावेश गर्नु पर्नेछ।

२२.**<u>साधारण सभा लाई जानकारी गराउनु पर्ने:</u>** यस कार्यविधि बमोजिम मन्त्रालयबाट अनुदान प्राप्त हुने सुनिश्चित भएपछि सहकारी संस्थाले लगत्तै बस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ।

२३.**<u>अनुदान रोक्का गर्न सक्ने:</u>** सहकारीमा आधारित नमूना गाउँमा सञ्चालित कार्यक्रम तथा क्रियाकलापको अनुगमन गर्दा संस्थाले लागत साझेदारी बमोजिम कार्यक्रम सञ्चालन नगरी अनुदान सदुपयोग नगरेको, सम्झौता बमोजिमको कुनै शर्त पालना नगरेको वा मन्त्रालयको निर्देशन पालना नगरेमा मन्त्रालयले जुनसुकै बखत अनुदान रकम सबै वा कुनै किस्ताको रकम रोक्का गर्न सक्नेछ।

२४.**<u>असूल उपर तथा कारबाही गरिने:</u>** (१) यस कार्यविधि बमोजिम संस्थाले मन्त्रालयबाट प्राप्त अनुदान रकम सम्बन्धित संस्थाको आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा उपयोग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको खर्च तोकिएको क्षेत्र बाहेक अन्यत्र गरी दुरुपयोग गरिएको प्रमाणित हुन आएमा त्यस्तो संस्थाका सञ्चालक तथा पदाधिकारीबाट दुरुपयोग भएको रकम सरकारी बाँकी सरह मानी असूल उपर गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

२५.**<u>प्रतिवेदन पेश गर्नुपर्ने:</u>** (१) संस्थाले यस कार्यविधि बमोजिम सञ्चालन गरेको कार्यक्रमको प्रगति विवरण प्रत्येक चौमासिक समाप्त भएको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कार्यक्रमको प्रतिवेदन अवधिभित्र भएको भौतिक तथा वित्तीय प्रगति विवरण समेत प्रष्ट हुने गरी पठाउनु पर्नेछ।

(३) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा उपदफा (२) बमोजिमको प्रतिवेदनलाई आधार लिनेछ।

२६.**<u>कालोसूचीमा राख्न सकिने:</u>** (१) यस कार्यविधि विपरितको कार्य गर्ने संस्थालाई मन्त्रालयले प्रचलित कानून बमोजिम कालोसूचीमा राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कालो सूचीमा परेका सहकारी संस्थालाई मन्त्रालयले आगामी पाँच वर्षसम्म कुनै पनि अनुदान कार्यक्रममा सहभागी गराउने छैन।

२७.**<u>अनुगमन सम्बन्धी व्यवस्था:</u>** (१) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको मन्त्रालयले जुनसुकै बखत निरीक्षण तथा अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमनमा सहयोग गर्नु र दिएको निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(३) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको नियमित निरीक्षण, अनुगमन तथा भुक्तानीको लागि सिफारिस गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) मन्त्रालयले तोकेको अधिकृत कर्मचारी — संयोजक

(ख) प्रदेश सरकारको सम्बन्धित कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी — सदस्य

(ग) स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको सम्बन्धित महाशाखा/शाखाको कर्मचारी — सदस्य

(घ) अध्यक्ष, जिल्ला सहकारी संघ — सदस्य

(ङ) सम्बन्धित वडाको वडा अध्यक्ष — सदस्य

(च) सम्बन्धित महाशाखाको कर्मचारी — सदस्य

(४) उपदफा (३) बमोजिमको समितिले एक आर्थिक वर्षमा कम्तीमा दुई पटक अनुगमन गर्नु पर्नेछ।

तर समितिले आवश्यक देखेमा जुनसुकै बखत कार्यक्रमको अनुगमन गर्न सक्नेछ।

(५) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा उपदफा (३) बमोजिमको समितिको प्रतिवेदन तथा सिफारिसको आधारमा गर्नेछ।

## परिच्छेद-५

## भुक्तानी र लेखापरीक्षण सम्बन्धी व्यवस्था

२८.**भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले यस कार्यविधि बमोजिम संस्थालाई कार्य सम्पन्नताका आधारमा बढीमा दुई किस्तामा अनुदान रकम उपलब्ध गराउन सक्नेछ र अनुदान रकम प्रदान गर्दा देहाय बमोजिमको किस्ता निर्धारण गरिनेछः-

(क) सम्झौता भई कार्य शुरु भए पश्चात खर्चको फाँटवारी र निर्माण कार्यको हकमा प्रथम रनिङ्ग बिल प्राप्त भएपछि प्रथम किस्ता स्वरुप सम्झौता बमोजिमको रकमको पचास प्रतिशतसम्मको रकम,

(ख) खर्चको फाँटवारी र दोस्रो रनिङ्ग बिल प्राप्त भएपछि अन्तीम किस्ता वापत सम्झौता रकमको पचास प्रतिशतसम्मको रकम।

(२) संस्थाले मन्त्रालयमा भुक्तानी माग गर्दा देहाय बमोजिमका कागजात तथा विवरण पेश गर्नु पर्नेछः-

(क) परियोजना तथा कार्यक्रममा भौतिक पूर्वाधार निर्माण तथा मर्मत गरेकोमा सोको स्वीकृत नक्सा, ड्रइन, डिजाइन, लागत अनुमानका आधारमा सम्बन्धित प्राविधिकको कार्यसम्पन्नता प्रतिवेदन तथा सोका सक्कल बिल भरपाईहरु,

(ख) परियोजना तथा कार्यक्रमका लागि खरिद गरिएका मेसिनरी उपकरण तथा प्रविधिको हकमा सम्बन्धित प्राविधिकबाट स्पेशिफिकेशन सहितको जाँच प्रतिवेदन तथा सोको सक्कल विल भरपाईहरु,

(ग) परियोजना तथा कार्यक्रमको भौतिक पूर्वाधार निर्माण भएको संरचना, मेसिनरी उपकरण तथा प्रविधिको फोटाहरु,

(घ) संस्थाले परियोजना तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त आर्थिक तथा वित्तीय कारोवारको विवरण,

(ङ) संस्थाको सञ्चालक समितिले भुक्तानी माग गर्ने निवेदन, सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस,

(च) अनुदानग्राहीले परियोजना तथा कार्यक्रममा व्यवसायिक कार्ययोजना बमोजिम आफैले लगानी गर्ने रकम लगानी गरिसकेको प्रमाण कागजात,

(छ) संस्थाले अन्तिम किस्ताको रकम भुक्तानी माग गर्दा सार्वजनिक सुनुवाई गरेको प्रमाण कागजात,

(ज) मन्त्रालय तथा प्रचलित कानूनले तोकेका अन्य कागजातहरु।

(३) मन्त्रालयले भुक्तानी गर्दा अनुगमन समितिको प्रतिवेदनका आधारमा भुक्तानी गर्नु पर्नेछ।

२९. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) संस्थाले यस कार्यविधि बमोजिम साझेदारीमा काम गर्ने गरी प्राप्त गरेको रकमको विवरण प्रष्ट देखिने गरी प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा लेखा तथा स्रेस्ता राख्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम संस्थाले मन्त्रालयबाट प्राप्त भएको अनुदानको रकम प्रष्ट खुल्ने गरी प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-६

## <u>विविध</u>

३०. **<u>कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्चः</u>** मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहाय बमोजिमको रकम यसै कार्यक्रमको खर्च शीर्षकमा विनियोजित रकमबाट व्यवस्थापन गर्नेछः-

(क) प्रस्ताव पेश गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरिवेक्षण खर्च रकम,

(ग) यस कार्यविधि बमोजिमका समितिहरुका बैठक भत्ता बापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

३१.**<u>स्थानीय तहसँगको समन्वयः</u>** (१) मन्त्रालयले यस कार्यविधि बमोजिम स्वीकृत भएको लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रम, सोको लागि छुट्याईएको बजेट रकम र प्रयोजन समेत खोली त्यस्तो सहयोग प्राप्त गर्ने संस्थाहरुको विवरण सम्बन्धित स्थानीय तहलाई उपलव्ध गराउनु पर्नेछ।

(२) संस्थाले दफा २५ बमोजिम मन्त्रालयमा पेश गर्ने प्रतिवेदनको एक प्रति सम्बन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन समेतका आधारमा संस्थाले सञ्चालन गरेका कार्यक्रमको नियमित अनुगमन र कार्यान्वयनमा समन्वय गर्नु पर्नेछ।

(४) सहयोग प्राप्त गर्ने संस्थाहरुले प्राप्त सहयोगबाट गरेका कार्यहरु र सोको उपलब्धी सम्बन्धी विवरण वार्षीक साधारण सभाबाट अनुमोदन गरी सोको एक प्रति मन्त्रालय तथा सम्बन्धित स्थानीय तहमा समेत पेश गर्नु पर्नेछ।

३२.**<u>बाधा अड्काउ फुकाउः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा निर्देशक समितिको सिफारिसमा मन्त्रालयले आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ।

३३.**<u>अनुसूचीमा हेरफेरः</u>** यस कार्यविधिमा उल्लेख भएका अनुसूचीहरु मन्त्रालयले आवश्यकताको आधारमा थपघट र हेरफेर गर्न सक्नेछ।

३४.**<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा जुनसुकै कुरा लेखिए तापनि प्रचलित कानूनमा उल्लेख भएको विषयमा सोही बमोजिम हुनेछ।

३५.**<u>खारेजी र बचाउ</u>**ः (१) प्रदेश सरकारको साविक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत सहकारी नमूना गाउँ (स्थापना सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) सहकारी नमूना गाउँ (स्थापना सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०७७ बमोजिम भए गरेका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची–१
## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
## <u>प्रस्ताव आव्हानको सूचनाको ढाँचा</u>

प्रथम पटक प्रकाशित सूचनाः-

लुम्बिनी प्रदेश, प्रदेश सरकार,आर्थिक मामिला तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०७८/०७९ को वार्षीक स्वीकृत कार्यक्रम अनुसार लागत सहभागितामा सहकारीमा आधारित नमूना गाउँ स्थापना, सञ्चालन र व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ..................जिल्लाका .........गा.पा./न.पा.का इच्छुक सहकारी संस्थाबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले एक्काईस दिनभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको.............कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न गरी तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो सूचना जारी गरिएको छः-

थप जानकारीका लागि मन्त्रालयको वेभ साइट....................तथा फोन नं......  सम्पर्क गर्न सकिनेछ।

**प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः-**

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) संस्थाको विनियमको प्रतिलिपी,

(ग) विगत दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी र नयाँ दर्ता भएको सहकारी संस्थाको हकमा कम्तीमा एक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी,

(घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी,

(ङ) नमूना गाउँको व्यवसायिक कार्ययोजना/प्रस्ताव, अनुसूची-३ बमोजिम आयोजनाको विवरण,

(च) साधारण सभा वा सञ्चालक समितिबाट आयोजना सञ्चालन गर्ने निर्णय गरेको निर्णयको प्रतिलिपी,

(छ) सञ्चालक समितिको पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन, मोवाईल नम्वर खुलेको विवरण,

(ज) निर्माणसँग सम्बन्धित कार्यक्रमको हकमा संस्थाको आफ्नो नाममा रहेको जग्गाधनी पुर्जाको प्रतिलिपी,

(झ) अस्थायी प्रकृतिका संरचनाहरु निर्माणको हकमा २० बर्ष सम्मका लागि भाडा वा लिजमा लिएको जग्गाको करारनामा तथा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी,

(ञ) आयोजनामा संस्थाको तर्फबाट गर्नुपर्ने लगानीको सुनिश्चितता भएको प्रमाण,

(ट) मन्त्रालयले तोकेका अन्य कागजात।

## अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

श्री ……………………..मन्त्रालय

…………………………..मन्त्रालय लुम्बिनी प्रदेश

**विषयः- नमूना गाउँ कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गरिएको।**

तहाँ मन्त्रालयबाट मिति …………../… …/…… मा प्रकाशित सूचना अनुसार यस………….. ……………………………………………………… सहकारी / संघ / संस्थाले प्रदेश सरकारको वित्तीय अनुदान सहयोगमा………….. ……… …………………… ……………………… ……….. ……………………………. ……….. नमूना गाउँ कार्यक्रम सञ्चालन गर्ने गरी मिति…………../………/…… को साधारण सभा/संचालक समितिले गरेको निर्णय बमोजिम सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसूची–३ बमोजिमको कार्ययोजना तथा कागजात यसै साथ संलग्न राखी यो प्रस्ताव पेश गरिएको छ।

सहकारीमा आधारित नमूना गाउँको ९स्थापना तथा व्यवस्थापन) कार्यविधि, २०७८ मा भएको व्यवस्था बमोजिम पालना गर्न यो संघ/संस्था मन्जुर गर्दछ।

……………………………

**प्रस्तावक**

अध्यक्षः

नाम,थरः

संस्थाको नाम र ठेगानाः

संस्थाको छापः

सम्पर्क नम्वरः

मितिः

**अनुसूची-३**

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**<u>व्यवसायिक कार्ययोजना तथा कार्यक्रमको विवरण</u>**

**१. संस्थाको विवरणः**

संघ/संस्थाको नामः ठेगानाः

जिल्लाः न.पा./गा.पाः

वडा नं.: गाउँटोलः

दर्ता नम्वर र मितिः कार्यक्रमको नामः

**२. कार्यक्रम विवरणः**

कार्यक्रम सञ्चालन गरिने स्थलः जिल्लाः

न.पा. /गा.पाः वडा नं.:

गाउँ टोलः

**३. कार्यक्रम प्रारम्भ हुने मितिः**

**४. कार्यक्रम सम्पन्न हुने मितिः**

**५. प्रस्तावित कार्यक्रमको कुल लागत रु......................**

**६. स्थीर पूँजी आवश्यकता रु...............................**

क) मेसिनरी उपकरण रु....................

ख) जग्गा रु.....................................

ग) भवन रु.........................

घ) पशुपंक्षी खरीद रु...................................

ङ) अन्य (खुलाउने) रु...........................

**७. कार्यशील पूँजी आवश्यकता रु..........................................**

**८. संस्थाले व्यहोर्ने लागत प्रतिशतः (क) रकम रु..................(ख) लागत प्रतिशत........**

**९. संस्थाको लागत वेर्होने श्रोतः...................**

(क) शेयर रकमवाट रु......................

(ख) जगेडा कोषवाट रु............................

(ग) अन्य रु......................................

**१०. नेपाल सरकार,स्थानीय तह वा अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेकाे वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउनेः.........................................................................**

## ११. सदस्य सहभागिताको अवस्थाः

| वर्गीकरण | सहभागिता | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | साधारण सदस्यता | | संचालक समितिमा | | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेमा | | कैफियत |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| महिला | | | | | | | |
| एकल महिला/ एकल पुरुष | | | | | | | |
| अपाङ्ग | | | | | | | |
| दलित समुदाय | | | | | | | |
| पिछडिएका अल्प संख्यक जनजाति | | | | | | | |
| अन्य | | | | | | | |
| जम्मा | | | | | | | |

## १२. संस्थाको व्यवसायीक सेवामा सदस्य केन्द्रियताः

| विवरण | | हालको अवस्था (पछिल्लो आ.व.।) | | कार्यक्रम सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|---|
| | | रु हजारमा | प्रतिशत | रु हजारमा | प्रतिशत |
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैर सदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामाग्री र उपभोग्य वस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सदस्यलाई | | | | |
| जम्मा | | | | | |

१३. रोजगारीको अवस्थाः

| स्वरोजगारी | हालको अवस्था | | | | कार्यक्रम सञ्चालन भएपछि हुने अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | गैर सदस्य संख्या | जम्मा | सदस्य को प्रतिशत | सदस्य संख्या | गैर सदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष्य पूर्ण (वर्षमा २,०८० घण्टा काम पाउने भए १ जना मानी संख्या जनाउने) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

**१४. कार्यक्रमसँग सम्वन्धित भौतिक पूर्वाधार तथा उत्पादन सम्वन्धी विवरणः**

१४.१ कार्यक्रम स्थलमा पूर्वाधारको स्थिति(✓ चिन्ह लगाउनुहोस)

(क) विजुली ☐

(ख) टेलिफोन☐

(ग) इन्टरनेट☐

(घ) सिंचाई ☐

(ङ) पक्की सडक☐

(च) कच्चि सडक☐

१४.२ व्यवसायको लागि भवन टहरा सेड गोठको स्थिति (✓चिन्ह लगाउनुहोस )

आफ्नै स्वामित्वमा निर्माण भएको ☐

आफ्नै स्वामित्वमा निर्माणाधिन ☐

१४.३ कार्यालयको भौतिक स्थितिः

आफ्नै भवन

भाडाको घर

१४.४ संस्थागत सुशासनको स्थितिः

संचालक समितिको बैठक नियमित छ □छैन□

वार्षिक साधारण सभा नियमित छ □छैन□

लेखा परीक्षण नियमित छ □छैन□

संघहरुमा आवद्ध छ □छैन□

कार्य संचालन नियमावली छ □छैन□

छ भने कति वटाः............

कार्यक्रमको सम्भाव्यता अध्ययन छ□छैन□

भएको भए व्यबसायको वार्षिक मुनाफा दरः...........

१४.५ उत्पादित वस्तुको वजार सम्भावनाः

अन्तरार्ष्ट्रिय वजारको पहुँच भएको □नभएको□

राष्ट्रिय वजारको पहुँच भएको□नभएको□

स्थानीय वजारको पहुँच भएको□नभएको□

१४.६ सामुहिक व्यबस्थापनमा संचालन

(क) हुने □ नहुने □

(ख) हुने भए सामुहिक रुपमा कसरी संचालन गरिने हो खुलाउनेः

..................................................................................................................

.........................................................................

१४.७प्रविधिमा नवप्रवर्तन (उत्पादकत्व वढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रुपमा गरिएको सकारात्मक परिर्वतन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्वनः

क) हुने □ नहुने □

ख) हुने भए के कसरी हुने हो, खुलाउनेः

..................................................................................................................

...............................................

मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलापः

(क) हो □होइन□

(ख) हो भने व्यहोरा खुलाउने

..................................................................................................................

............................................

१४.८ वातावरणीय सरोकार (प्राकृतिक श्रोतको जर्गेना, जैविक विविधतामा वढोत्तरी, स्थानीय जातको रैथाने वालीको संरक्षण, प्राङ्गारिक खेतीपाती,प्रदूषणको रोकथाम) लगायतमा पर्ने प्रभावः

(क)सकारात्मक प्रभावः हुने□नहुने□

हुने भए के कस्तो हुने हो, खुलाउनेः

.........................................................................................................................

..............................................................

ख) नकारात्मक प्रभावः हुने□ नहुने□

हुने भए के कस्तो हुने हो, खुलाउनेः

अन्य कुनै कुरा भए खुलाउनेः

.........................................................................................................................

..............................

.................................

अध्यक्षको हस्ताक्षर

नाम,थरः

संस्थाको नाम, ठेगानाः

संस्थाको छापः

सम्पर्क नम्वरः

## अनुसूची- ४

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रारम्भिक जाँच सूची</u>**

१. सूचनाको म्याद भित्र दरखास्त दर्ता भएको□नभएको□
२. सूचनामा तोकिएका सवै कागजात संलग्न भएको□ नभएको □
३. पछिल्लो वार्षिक साधारण सभा समयमै गरेको □ नगरेको □
४. पछिल्लो संचालक समितिको निर्वाचन समयमै गरेको □ नगरेको □
५. पछिल्ला वार्षिक लेखापरीक्षण समयमै गराएको□ नगराएको □
६. यस अघि अनुदान प्राप्त गरेको भए सदुपयोग गरेको□ नगरेको □
७. कार्यक्षेत्र भन्दा वाहिर गई कारोवार संचालन गरेको □ नगरेको □
८. संस्था संचालनमा आएको कम्तीमा २ आर्थिक वर्ष पूरा भएको□नभएको □
९. वीउ पूंजी सम्बन्धी कार्यक्रमको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न भएको □ नभएको□
१०. कर चुक्ता प्रमाण पत्र भएको □ नभएको □
११. पूँजीगत कार्यक्रमको हकमा वचत तथा ऋणको मुख्य कारोवार गरेको □ नगरेको □
१२. लेखा समितिको वार्षिक प्रतिबेदन पेश भए □ नभएको □

<u>कैफियत</u>

.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
............................................................

| <u>जाँच गर्ने कर्मचारीः</u> | <u>प्रमाणित गर्ने कर्मचारी</u> |
|---|---|
| नाम थरः | नाम थरः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |

## अनुसूची-५

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क</u>**

| सि.नं. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| १ | कार्यक्रमको सदस्य केन्द्रियता (उत्पादनमूलक संस्थामा सदस्यवाट खरिद,उपभोक्ता संस्थामा सदस्यहरुलाई विक्री र रोजगारीमूलक संस्थामा सदस्यलाई रोजगारी | | २० |
| १.१ | हालको अवस्था | १० | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा वढी | ८ | |
| (ग) | ५० वा वढी | ६ | |
| (घ) | २५ वा वढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| १.२ | कार्यक्रमको प्रक्षेपित अवस्था | १० | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| २ | कार्यक्रमबाट सिर्जना हुने रोजगारी (प्रति लाख लगानीमा पूर्ण रोजगारी संख्या) | | १५ |
| (क) | ५ जना वा वढी | १५ | |
| (ख) | ४ जना | १२ | |
| (ग) | ३ जना | ९ | |
| (घ) | २ जना | ६ | |
| (ङ) | १ जना वा कम | ३ | |
| ३ | सीमान्तकृत समुदायको सहभागिता | | १५ |

| | | | |
|---|---|---|---|
| ३.१ | सदस्यमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | २ | |
| ३.२ | संचालक समितिमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ३.३ | कार्यक्रमको लाभ लिनमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४ | महिला सहभागिता | | १५ |
| ४.१ | सदस्यमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.२ | संचालक समितिमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |

| | | | |
|---|---|---|---|
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.३ | कार्यक्रको लाभ लिनमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ५ | भौगोलिक अवस्था | | १० |
| (क) | गाउँपालिका | १० | |
| (ख) | नगरपालिका | ८ | |
| ६ | सिर्जनात्मकता | | २५ |
| (क) | सामूहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| (ख) | भैरहेको प्रविधिमा नवप्रवर्तन | ५ | |
| (ग) | मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप | ५ | |
| (घ) | वातावरणीय सरोकारको सम्बोधन | ५ | |
| (ङ) | उत्पादनको वैदेशिक बजारीकरण | ५ | |

## अनुसूची-६

**(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)**

**सम्झौता-पत्र**

आर्थिक मामिला तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश मार्फत सञ्चालन गरिने आ.व.........को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सहकारीमा आधारित नमूना गाउँ कार्यक्रम सञ्चालन गर्न **आर्थिक मामिला तथा सहकारी मन्त्रालय** (यस पछि पहिलो पक्ष भनिएको) जिल्ला.............गा.पा/न.पा...........मा स्थापना भएको........संस्था(यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलका शर्तहरुको अधीनमा रही कार्यक्रम सम्पन्न गर्न मिति ..................... मा सम्झौता गरी लियौं दियौं।

१. कार्यक्रम सञ्चालन गरिने स्थानः **................**

२. सम्झौता लागू हुने मिति : सम्झौता भएको/कार्यादेश दिएको मितिदेखि लागू हुनेछ।

३. कार्य आरम्भ मिति : सम्झौता/कार्यादेश दिएको मितिले ७ दिनभित्र कार्य आरम्भ गरी दोश्रो पक्षले पहिलो पक्षलाई जानकारी दिनु पर्नेछ। कार्यप्रगतिको प्रतिवेदन मासिक रुपमा पहिलो पक्षलाई पेश गर्नु पर्नेछ।

४. कार्य सम्पन्न मितिः .................सम्म। यदि तोकिएको समयमा कार्य सम्पन्न नभइ चालु आर्थिक बर्षभित्र भुक्तानी हुन नसकेमा पहिलो पक्ष जवाफदेही हुने छैन।

५. यस कार्यक्रम सञ्चालनको कूल लागत रु .......................मध्ये मन्त्रालयले रु ............. यसैसाथ संलग्न लगानी साझेदारी विवरणको मन्त्रालयको अनुदान महलमा उल्लिखित शीर्षकहरुमा उल्लेख भए बमोजिम उपलब्ध गराउने छ।

६. संस्थाले पेश गरेको ब्यवसायिक योजना तथा कार्ययोजना सम्झौताको अभिन्न अंग हुनेछ र कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको क्रियाकलाप सहितको कार्ययोजना वमोजिम कार्य गर्नु पर्नेछ।

७. अनुदान रकमबाट कार्यक्रमसँग सम्वन्धित यन्त्र उपकरण खरिद तथा पूर्वाधार निर्माण गर्दा मन्त्रालयसँग समन्वय गरी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

८. संस्थाले मन्त्रालयबाट खटिएको प्राविधिकलाई प्राविधिक अनुगमनमा सहयोग गर्नु पर्नेछ र प्राविधिकले दिएको निर्देशन पालना गर्नु पर्नेछ।

९. कार्यक्रम सञ्चालनका लागि पहिलो पक्षले दोस्रो पक्षलाई कार्य सम्पन्न पश्चात अनुगमन तथा आवस्यक जाँचबुझ गरी अनुगमन तथा प्राविधिक टोलीको सिफारिस/प्रतिवेदन बमोजिम सम्झौता बमोजिमको रकम एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गर्नेछ।

१०. दोस्रो पक्षले कम्तीमा कार्ययोजना अनुसार न्यूनतम ५० प्रतिशत काम सम्पन्न भएपछि पहिलो किस्ता भुक्तानी माग गर्न सक्नेछ। रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत

अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र पहिलो पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भएपछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

११. कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको सम्पुर्ण स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१२. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१३. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध स्रोतको दुरुपयोग भएको पाइएमा पहिलो पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी आवश्यक कारबाही अगाडी बढाउने छ।

१४. पहिलो पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१५. सम्झौतामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन एवम् स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

नोटः मन्त्रालयले सम्झौताका शर्तहरु आवश्यक थपघट गर्न सक्नेछ।

| | |
|---|---|
| ........................... | ............................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीहरु | साक्षीहरु |

मितिः २०........साल...............महिना...........गते ...........रोज शुभम्।